नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७-४४०११२
फ्याक्स नं. ०८७-४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

पत्रसंख्याः २०८०/०८१
चलानी नं.

मितिः २०८१/०१/२७
ने.स.११४४ वछलाथ्व,१ बिहीबार

## सार्वजनिक प्रदर्शन, हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षति मूल्यांकन सम्बन्धी कार्यविधि, २०८१ को पालना सम्बन्धी सूचना ।

नेपालको संविधान र प्रचलित कानून प्रदत्त अधिकारको प्रयोग गर्दा हुने प्रदर्शन, हडताल वा अन्य विरोधका कार्यक्रमबाट सरकारी, सार्वजनिक एवं व्यक्तिगत सम्पतिमा हानी, नोक्सानी र क्षति समेत हुने गरेको सन्दर्भमा नागरिकलाई संविधानले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा शान्तिपूर्वक रुपमा भेला हुने हकको उपभोगलाई थप सुव्यवस्थित गर्दै सरकारी, सार्वजनिक एवं व्यक्तिगत सम्पतिमा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्ने, यसरी हुने क्षतिको यथार्थ लेखाजोखा र मूल्यांकन गरी त्यसको परिपूरण समेत गर्ने उद्देश्यले नेपाल सरकार गृह मन्त्रालयले **"सार्वजनिक प्रदर्शन, हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षति मूल्यांकन सम्बन्धी कार्यविधि, २०८१"** जारी गरेको छ। सो कार्यविधि यस कार्यालयको वेबसाइट daokalikot@moha.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

तसर्थ आगामी दिनमा जिल्लास्थित राजनैतिक दल, राजनैतिक दलको भातृसंस्था, संगठित संस्था, सरकारी वा गैर सरकारी संघ संस्था, व्यक्ति वा समूहबाट आयोजना गरिने सार्वजनिक प्रदर्शन, धर्ना-जुलुस, विरोध लगायतका कार्यक्रमहरु संचालन गर्नु पूर्व उल्लिखित कार्यविधिको पूर्ण रुपमा पालना गर्ने शर्तमा स्थानीय प्रशासनबाट अनुमति लिएर मात्रै संचालन गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

२०८१/०१/२६
गणेश नेपाली
प्रमुख जिल्ला अधिकारी